(क) प्रधानमन्त्रीः–

१. अंगरक्षक सह-सेनानी एक जना

२. गार्ड सुवेदार एक जना, पति एक जना तथा सो लाई चाहिने बन्दोबस्त टोली ।

(ख) उपप्रधानमन्त्री र मन्त्रीः–

१. अंगरक्षक पदिक एक जना

२. गार्ड विल्लादार एक जना र सिपाही दश जना।

(ग) राज्यमन्त्रीः–

१. अंगरक्षक प्रहरी सहायक निरीक्षक एक जना

२. गार्ड हेड कन्स्टेवल एक जना र कन्स्टेवल चार जना ।

(घ) सहायक मन्त्रीः–

१. अंगरक्षक हेड कन्स्टेवल एक जना

२. गार्ड हेड कन्स्टेवल एक जना र कन्स्टेवल चार जना ।

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### वन पैदावार विकास समिति गठन (चौंथो संशोधन) आदेश, २०५०

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम वन पैदावार विकास समिति गठन (चौथो संशोधन) आदेश २०५० रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा ४ मा संशोधनः वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा ४ को,–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२५

(१) उपदफा (२) को खण्ड (क) र (छ) को सट्टा देहायका खण्ड (क) र (छ) राखिएका छन्:

(क) राजमार्गदेखि दक्षिण सागरनाथ वन क्षेत्रको करीब असी हेक्टर वन क्षेत्र र सूर्तिया वन क्षेत्रको तीन हजार तीन सय हेक्टर वन क्षेत्र गरी जम्मा तीन हजार तीन सय असी हेक्टर वन क्षेत्रमा सर्पट कटान गरी बृक्षरोपण गर्ने।

(छ) वृक्षरोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेका तथा सो क्षेत्रमा परियोजनाबाट उत्पादन गरिने वन पैदावार तथा अन्य पैदावारको मूल्य समितिबाट निर्धारण गराइ त्यस मध्येको काठ दाउराको प्रचलित सरकारी मूल्य (रोयल्टी) वन विभागलाई बुझाइ सो काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरू आवश्यकतानुसार न्यूनतम परिमाणमा सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनतालाई प्राथमिकता दिई बिक्री वितरण गर्ने सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनताले लिन नचाहेको काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरू लिलाम गरी बिक्री वितरण गर्ने।

(२) उपदफा (३) को खण्ड (क) र (छ) को सट्टा देहायको खण्ड (क) र (छ) राखिएका छन् :–

(क) दुण्डवा नदीदेखि पश्चिम, मान नदीदेखि पूर्वी क्षेत्रमा रहेको पूर्व-पश्चिम राजमार्गदेखि उत्तर-दक्षिण दुवै पट्टि पाँच हजार हेक्टर वन क्षेत्र र रोहिणी खोलादेखि पूर्व, झिरझिरे खोला-देखि पश्चिम क्षेत्रमा रहेको राजमार्गदेखि दक्षिण नेपालगञ्ज वन क्षेत्रको तीनहजार पाँचसय हेक्टर वन क्षेत्र गरी जम्मा आठ हजार पाँचसय हेक्टर वन क्षेत्रमा सर्पट कटान गरी वृक्षरोपण गर्ने।

(छ) वृक्षरोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेका तथा सो क्षेत्रमा परियोजनाबाट उत्पादन गरिने वन पैदावार तथा अन्य पैदावारको मूल्य समितिबाट निर्धारण गराइ त्यस मध्येको काठ दाउराको प्रचलित सरकारी मूल्य (रोयल्टी) वन विभागलाई बुझाइ सो काठ दाउरा, वन पैदावार र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य पैदावारहरू आवश्यकतानुसार न्यूनतम परिमाणमा सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनतालाई ग्राह्यता दिई बिक्री वितरण गर्ने । सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनताले लिन नचाहेको काठ दाउरा, [वन पैदावार र अन्य पैदावारहरू लिलाम गरी बिक्री वितरण गर्ने ।

३. मूल आदेशको दफा ९ मा संशोधनः मूल आदेशको दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

(२) अध्यक्ष र सदस्य सचिवको अतिरिक्त अर्को एक जना सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

आज्ञाले,
दीपेन्द्रपुरुष ढकाल
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ क. को उपदफा (२) बमोजिम सडक विभागलाई भएको अधिकार आ-आफ्नो क्षेत्र भित्र सम्बन्धित डिभिजन सडक कार्यालयका डिभिजनल इञ्जिनियरले र योजनाको हकमा योजना प्रमुखले प्रयोग गर्ने गरी प्रत्यायोजन गरेको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

339